दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १३५ | बुटवल | २०८२ बैशाख २९, गते सोमबार | नेपाल संवत १९४५ | Monday May.12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुद्धजयन्तीमा सिंगारियो लुम्बिनी



२५ सय ६९औं बुद्धजयन्ती तथा लुम्बिनी दिवसको पूर्व सन्ध्यामा बुद्ध जन्मस्थल सिंगारिएको छ। बुद्ध जयन्तीका लागि मायादेवी मन्दिर परिसरसँगै मोनाष्ट्री जोन र आसपास क्षेत्र सरसफाइ गरेर चिटिक्क बनाइएको छ। मायादेवी मन्दिरलाई बिजुली बत्तीले रंगीचंगी बनाइएको छ।

लुम्बिनी परिसर प्रवेशद्धार पनि सिंगारिएको छ। लुम्बिनीका हरेक संरचना रंगरोगन गरेर आकर्षक बनाइएको छ। बुद्धप्रति आस्था जनाउने ध्वजापताका लगाइएपछि लुम्बिनी आकर्षक देखिएको छ। लुम्बिनी विकास कोषले बैशाख २८, २९ र ३० गते बुद्ध जयन्तीलाई विशेष उत्सवका रुपमा मनाउन लागेको छ। यसै सन्दर्भमा आइतबार पनि लुम्बिनीमा विविध कार्यक्रम भएका छन्।

बुद्धको जन्म, बोधिज्ञान प्राप्ति र महापरीनिर्वाणको त्रियोग परेको दिन अर्थात् बैशाख पूर्णिमाका दिन विशेष समारोह हुने लुम्बिनी विकास कोषका कोषाध्यक्ष तथा प्रचारप्रसार समितिका संयोजक ढुण्डिराज भट्टराईले जानकारी दिए।

विशेष समारोहमा प्रधानमन्त्री केपी शर्मा ओली, लुम्बिनी विकास कोषका अध्यक्ष एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेसहित संघीय सरकारका मन्त्रीहरु, लुम्बिनी प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश मन्त्रिपरिषद्का सदस्य, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरु सहभागी हुने उनले बताए।

उनका अनुसार बैशाख २८ गते साँझ मायादेवी मन्दिर परिसरमा अहोरात्र महापरित्राण पाठ भएको छ भने आज बैशाख २९ गते बिहान ६ बजेदेखि भिक्षु-भिक्षुणी, लामा गूरुहरु तथा उपासक उपासिकाहरुको सहभागितामा प्रार्थना सभा, बिहान ७:३० शोभायात्रा हुनेछ।

## राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधनको प्रक्रियालाई अघि बढाउने बताएका छन्।

आइतबारको राष्ट्रियसभा बैठकमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा आएका जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेबिच भएको सहमतिअनुसार संविधान संशोधन गरिने बताए । संविधान संशोधनका लागि अधिकतम सहमति खोज्ने उनको भनाइ छ।

उनले सरकारमा रहेका व्यक्तिहरूको इच्छाले नभई सबैको इच्छा बुझेर सहमति खोजेर संविधानको संशोधन गर्ने स्पष्ट पारे।

उनले स्थिरता, सुशासनका साथै मुलुकलाई विकासको बाटोतर्फ अघि बढाउने गरेर सरकारको कार्यक्रम आएको बताए।

प्रधानमन्त्री ओलीले जनताले फालेको राजसंस्थाका नाममा हुने हिंसात्मक गतिविधि स्वीकार्य नहुने भन्दै यसलाई कानुनअनुसार नियन्त्रण गर्ने स्पष्ट पारे।

प्रधानमन्त्री ओलीले संविधानले समाजवादोन्मुख व्यवस्था गरेका सन्दर्भमा क्रमिक रूपमा उक्त लक्ष्य हासिल गर्दै अघि बढ्ने धारणा राखे। त्यस्तै उनले लोकतन्त्रको सुदृढीकरणका लागि वर्तमान सरकार बनेकाले संविधान, कानुनको पालना गरी उत्पन्न समस्या समाधानको हरसम्भव प्रयास हुने स्पष्ट पारे।

सचिवालयले यही बैशाख २२ देखि २८ गतेसम्म सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने कार्यसूची यसअघि नै तय गरिसकेको छ।

यही बैशाख ३० गते विनियोजन विधेयकमाथिको सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल प्रारम्भ हुनेछ । नेपालको संविधानअनुसार प्रत्येक वर्ष जेठ १५ गते सरकारको आगामी आर्थिक वर्षको बजेट संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले प्रस्तुत गर्ने व्यवस्था छ।

## नीति तथा कार्यक्रम बहुमतले पारित

बुटवल । सरकारले ल्याएको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ।

आइतबार बसेको प्रतिनिधिसभाको बैठकमा नीति तथा कार्यक्रमलाई सभामुख देवराज घिमिरेले निर्णयार्थ पेस गर्दा यसमा बहुमत सांसदले समर्थन जनाएपछि पारित भएको घोषणा गरेका हुन्।

गत बैशाख १९ गते संघीय संसद्को संयुक्त बैठकमा पेस भएको नीति तथा कार्यक्रमका पक्षमा सत्तारुढ दलहरु नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरु उभिएका थिए भने विपक्षी दलले विरोध गरेका थिए।

त्यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले नीति तथा कार्यक्रममाथि संसद्मा छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिएका थिए।

त्यस्तै विपक्षी दलका विभिन्न सांसदहरुले नीति तथा कार्यक्रममाथि पेस गरेका संशोधन प्रस्तावलाई निर्णयार्थ पेस गर्दा अधिकांश अस्वीकृत भएका थिए।

नीति तथा कार्यक्रम पारित भएसँगै अब सरकारले जेठ १५ गते संघीय संसद्मा आर्थिक वर्ष २०८२/०८३ को बजेट पेस गर्नेछ।

## डेढ महिनामा सहकारी नियमन प्राधिकरण बनाउन परमादेश

बुटवल। सर्वोच्च अदालतले डेढ महिनाभित्रमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्न परमादेश दिएको छ।

वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीलगायतले दायर गरेको रिटमा आइतबार न्यायाधीश कुमार रेग्मी र नित्यानन्द पाण्डेयको इजलासले आजका मितिबाट बढिमा ७ दिन भित्रमा सिफारिस समिति गठन गरी बढीमा एक महिना १५ दिन भित्रमा प्राधिकरण गठन गर्नू भनि परमादेश जारी गरिदिएको हो।

समस्याग्रस्त सहकारी संस्थाको बचत रकम फिर्ता गर्ने सम्बन्धमा पनि व्यवस्थापन समितिबाट सहकारी संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गरी बचतकर्ताको बचत रकम फिर्ता गर्ने सम्बन्धमा तत्काल आवश्यक व्यवस्था मिलाउन सर्वोच्चको आदेश छ।

चार बुँदे निर्देशनमा भनिएको छ-'सहकारी ऐन, २०७४ को दफा १०३ ज बमोजिम बचतकर्ताको सर्वोत्तम हितलाई ध्यानमा राखि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई प्राप्त काम, कर्तव्य, अधिकारको प्रभावकारी कार्यान्वयनका लागि तत्काल व्यवस्था मिलाउनू।'

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०८१ ले औंल्याएका समग्र सुझावहरुको तीब्रताका साथ कार्यान्वयन गर्न पनि सर्वोच्चले भनेको छ। सहकारी समस्या समाधानका लागि नीतिगत तथा कानुनी सुधार भएको देखिए पनि कानुनले मार्गदर्शन गरेका संस्थागत प्रबन्ध हुन नसकेको र कानुन कार्यान्वयनमा समेत तदारुकता नदेखिएको सर्वोच्चको ठहर छ।

लामो समयदेखि राष्ट्रिय समस्याको रुपमा देखिइरहेको सहकारीको समस्या समाधान गर्न २०८१ चैत १८ मा सहकारी ऐनमा भएको संशोधनले सहकारी ऐनमा दफा १०३ क थप गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गर्ने र उक्त प्राधिकरणबाट बचत तथा ऋण सहकारी संस्थाको नियमन सुपरीवेक्षण हुने व्यवस्था भएकोमा हालसम्म पनि प्राधिकरण गठन हुन सकेको छैन।

» बाँकी ३ पेजमा

## भोजभतेरमा कोल्डड्रिंक्सको साटो महीको माग



परासी । पूर्वी नवलपरासीमा गत वर्षसम्म विवाह, व्रतबन्ध र भोजभतेरका अवसरमा कोल्डड्रिङ्क, जुस र बोतल बन्द पेय पदार्थ अत्यधिक प्रयोग हुने गर्दथ्यो। तर अहिले परिस्थिति फेरिँदै गएको छ।

गाउँदेखि शहरसम्म, साधारण भोजदेखि पार्टीप्यालेससम्म, मही र दहीको प्रयोग पुनः लोकप्रिय बन्दै गएको छ।

पछिल्लो केही वर्षदेखि भोजभतेरमा मही तथा दहीको प्रयोग अनिवार्यजस्तै बन्दै गएको कावासोतीस्थित पानस पार्टीप्यालेसका सञ्चालक गुरु पोखेलले बताए। 'पहिले गाउँघरमा मही र दही भोजमा अनिवार्यजस्तै थियो। अहिले पनि त्यसैगरी भोजमा मही र दही राख्न थालिएको छ।'-उनले भने।

गाउँमा मात्र होइन, शहरबजारका पार्टीप्यालेसमा पनि अब मही विशेष पेयका रूपमा प्रस्तुत गरिन थालेको छ।

उनले भने-'पार्टीप्यालेसका सञ्चालक पोखेलका अनुसार पहिला चिसो पेय र बोतलको पेय राखिन्थ्यो। अहिले ग्राहक आफैँले मही माग्छन्। हामीले भोजभतेरको 'मेनु'मा नै दही महीलाई समावेश गर्न थालेका छौँ।'

जिल्लामा पछिल्लो समय आयोजना गरिने सभासमारोह एवं औपचारिक कार्यक्रममा पनि महीको प्रयोग हुन थालेको छ। यस्ता कार्यक्रममा खाजाका रूपमा तयारी जुस वा चिया दिइने गरेकामा गर्मी मौसममा मही नै रोजाइमा पर्न थालेको देवचुली नगरपालिका-१० का राजु चापागाईंले बताए।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# लुम्बिनी गुरुयोजना छिटो पूरा गर

लुम्बिनीको योजनाबद्ध विकासको सुरुवात भएको ४७ वर्ष भयो । जापानी वास्तुविद् केञ्जो टांगेले १७ वर्षमा पूरा गर्ने गरी ४७ वर्षअघि बनाएको गुरुयोजना अझैँ पूरा नहुनु लुम्बिनीप्रति बेवास्ता हो । संयुक्त राष्ट्रसंघको पहलमा २०३५ सालमा जापानी वास्तुविद् प्रा. केन्जो टांगेले बौद्ध तीर्थस्थल र पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने परिकल्पना गर्दै लुम्बिनी विकास गुरुयोजना बनाएका थिए । यो गुरुयोजनाका काम १७ वर्षमा अर्थात् सन् १९९५ मा सम्पन्न भइसक्नुपर्ने किटान गरिएको थियो ।

गुरुयोजना सुरु हुँदायता बारम्बार सरकार फेरिए, त्यतिमात्रै होइन्, व्यवस्था नै फेरिए । पञ्चायती व्यवस्था थियो, गुरुयोजना सुरु हुँदा । अहिले लोकतान्त्रिक गणतन्त्र छ । पञ्चायत ढल्यो, संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था आयो । त्यो पनि टिकेन्, ढल्यो । गणतन्त्र आयो, संविधान बन्यो । संघीय लोकतान्त्रिक गणतन्त्र विधिवत रूपमा स्थापित भयो । लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा पूर्वाधार विकासको बलियो जग बसेको छ । पूर्वाधार विकासले फड्को मारिरहेको बेला लुम्बिनी गुरुयोजना अझैँ ३० प्रतिशत बाँकी रहनुले 'माल पाएर चाल नपाएको' बुझ्नुपर्छ ।

लुम्बिनीको विकासले फड्को मार्दा यो क्षेत्रले मात्रै लाभ पाउने नभई राष्ट्रिय लाभसँग जोडिन्छ । संसारभका बौद्धमार्गीलाई यहाँ आउने वातावरण बनाउन सक्दा मुलुकले पर्यटन प्रवर्धनबाट लाभ पाउनसक्छ । आज संसारभरका बौद्धमार्गीका लागि जीवनमा एकपल्ट लुम्बिनी आउन पाउनु उनीहरुका लागि गौरवको विषय हो । ती बौद्धमार्गीसहितका पर्यटकलाई आकर्षित गर्न लुम्बिनी गुरुयोजना पूरा गर्न अब ढिलाइ हुनुहुन्न । लुम्बिनीको पर्यटन प्रवर्धनका लागि सरकारले भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरेको छ । यो विमानस्थलले उडानका लागि व्यग्र प्रतिक्षा गरिरहेको छ । भैरहवा-लुम्बिनी सडक पनि चार लेनको तयार भएको छ । त्यसो त पछिल्लो दुई दशक गुरुयोजनाका केही महत्वपूर्ण काम भए । सरकारले अहिले जति काम गरेको छ, त्यो अझैँ बढाउनुपर्छ भन्ने हो ।

लुम्बिनी विकासका लागि सरकारले पर्याप्त बजेट विनियोजन नगर्ने एउटा पक्ष हो, अर्कोतिर लुम्बिनी विकास कोषको काम गर्ने शैली नबदलिनु अर्को समस्या हो । पर्याप्त बजेट विनियोजन गरेको बेला कोषको काम गर्ने क्षमता विस्तार नभएको देखिन्छ । संसदले लुम्बिनी गुरुयोजना पूरा गर्नका लागि संकल्प प्रस्ताव पारित गरेको पनि एक दशक बितिसक्यो । संसदले संकल्प प्रस्ताव पारित गरेको विषयमा सरकारले पर्याप्त बजेट विनियोजन गर्न कञ्जुस्याँई गर्न हुन्न । लुम्बिनीको विकासका लागि एकमत भएको बेला बजेट विनियोजन गरी अघि बढ्नुपर्छ । लुम्बिनी गुरुयोजना पूरा हुनुभनेको नतिजामुखी र प्रतिफलमुखी आयोजना हो । नतिजाविहीन विभिन्न क्षेत्रमा भइरहेको खर्चलाई नियन्त्रण गरी लुम्बिनी गुरुयोजना पूरा गर्न सरकारले प्राथमिकता दिनुपर्छ ।

# युवा टिकाउने बजेटको खाँचो



**विदुरचन्द्र लामिछाने**



संसद्को संयुक्त सदनमा १९ बैशाखमा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो । नीति तथा कार्यक्रमका सबल र कमजोर पक्षका विषयमा विभिन्न तह र तप्काबाट विश्लेषण भइरहेकै छन् । यसले धेरै कुरा सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ, जसलाई आगामी बजेटले पक्कै पुष्टि गर्ला ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमले युवाका विषयमा धेरै कुरा समेट्ने प्रयास गरेको छ । कुल जनसंख्याको ठुलो हिस्सा युवा रहनु हाम्रा लागि सबल पक्ष हो र यो हाम्रो सामर्थ्य पनि हो । नीति कार्यक्रममा आएका यूवा लक्षित कार्यक्रमका सन्दर्भमा विश्लेषण गर्दा त्यो बढी उपयोगी सिद्ध हुनेमा दुईमत नहोला । उद्यमशीलतामैत्री शिक्षानीति अपनाई श्रम क्षेत्रमा रहेका सीपयुक्त श्रमशक्तिको अभाव र सीपहीन श्रमशक्ति जगेडा रहने अवस्था अन्त्य गर्ने र यसका लागि हालको पाठ्यक्रम, सिकाइ र अध्यापन विधिमा व्यापक सुधार गर्ने विषयले युवामा बाहिर जाने जुन होड छ, यसलाई रोक्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । शिक्षा मन्त्रालयका अनुसार आव ०८०/८१ मा एक लाख १२ हजार विद्यार्थीले विदेशमा अध्ययनका लागि 'नो अब्जेक्सन लेटर' (एनओसी) लिए । सोही आर्थिक वर्षमा उच्च शिक्षामा एक खर्ब २५ अर्बभन्दा बढी रकम बाहिरियो । यो तथ्यांक हाम्रा लागि सोचनीय हो । एकजना पुस्तक प्रकाशक भन्दै थिए- जनसंख्या वृद्धि छैन । १२ पढेपछि विदेश जाने मोह छ । विश्वविद्यालयमा तालाबन्दी र चरम राजनीति छ । ०७० सालपछि प्लस टुपछिको पाठ्यपुस्तक व्यवसाय ५० प्रतिशतले घट्यो । यस्तोमा नीति तथा कार्यक्रमले बोलेका विषयले युवामा रहेको विदेशमोह घटाउन केही सहयोग गर्ने आशा गर्न सकिन्छ ।

सबै उद्यममा 'बिजनेस प्लान' र त्यसको 'इकोसिस्टम' निश्चित गरी 'जेन जी' पुस्तालाई विशेष प्राथमिकतामा राखी युवाकेन्द्रित स्टार्टअप कार्यक्रम सुरु गर्ने भनिएको छ । चालू १६औँ योजनाले औँल्याएका चुनौतीमध्ये आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायनलाई रोक्न पनि यसले ठुलो सहयोग गर्ने आशा गर्न सकिन्छ । उद्योग मन्त्रालयले निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघको सहयोगमा स्टार्टअप नीति ल्याएर नवप्रवर्तनमा लागेका युवालाई २५ लाखसम्म व्यवसाय ऋण दिन थालेको छ । अहिले भर्खर ६६१ जना नवप्रवर्तनमा लागेका युवा उद्यमी त्यसका लागि अन्तिम छनोटमा परेको समाचार आएको छ । यसले एउटा बलियो आशा जगाएको छ । यसबाट मुलुकभित्र बढ्दै गएको बेरोजगारी समस्या समाधान गर्न र मुलुकमा उपलब्ध युवा जनशक्तिको लाभलाई 'क्यास' गर्न सहयोग गर्ने विश्वास गर्न सकिन्छ । युवाकेन्द्रित स्टार्टअप कार्यक्रमलाई थप विस्तार गर्न बजेटमा विश्वास लाग्दा कार्यक्रम आउने आमअपेक्षा छ ।

निर्वाहमुखी कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै कृषि उपजमा देशलाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ । कृषिमा युवालाई आकर्षित गर्न भूमि, कृषि सामग्री, बिमा, खरिद सम्झौता र बजारको बलियो इकोसिस्टम कायम गरिनेछ । कृषि क्षेत्रको जुनसुकै विधामा उद्यम गर्न चाहनेलाई यस प्रणालीमा आबद्ध गरी पाइलट प्रोजेक्ट सुरु गरिने कुरा नीतिमा छ । यो स्वागतयोग्य छ, तर कृषिमा युवालाई आकर्षित गर्ने नाउँमा दिइने सुविधा बिचौलियाले उपभोग नगरून् भन्नेतर्फ सरकार सजग हुनुपर्छ ।

सोह्रौँ योजनाका रूपान्तरणकारी रणनीतिमा बाँझो र सार्वजनिक जमिनमा सामूहिक र सहकारी खेती प्रवर्द्धन गर्न वैदेशिक रोजगारीबाट फर्केका युवाको मनोबल वृद्धि हुने वातावरण निर्माण गर्ने भनिएकाले यसलाई तादाम्य गरेर जान सकियो भने अपेक्षाकृत परिणाम आउन सक्छ । तर, चालू आर्थिक वर्षको बजेटमा पर्यटन, कृषि, आइटीलगायत क्षेत्रमा एक हजार युवालाई फेलोसिप प्रदान गरिने, कृषि पढेका विद्यार्थीलाई इन्टर्नका रूपमा कृषिसँग जोड्ने कुरा थियो । चालू आवको १० महिना बित्न लाग्यो, तर यतिलाई 'फेलोसिप इन्टर्नसिप'मा लगाइयो भन्ने सुन्नमा आएको छैन । उपलब्धि भएको छ भने त्यसबाट लक्षित युवा लाभान्वित भए भने सरकारले भन्न सक्नुपर्छ । अनि मात्र सरकारप्रति विश्वास बढ्छ । नीति, कार्यक्रम र बजेटमा राख्छौँ, तर त्यसको कार्यान्वयन हुँदैन भने त्यसले झन् उल्टो परिणाम दिनेतर्फ सरकार सजग हुनपर्छ ।

नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न स्टार्टअप कर्जा कार्यक्रम विस्तार गरिने र प्रदेश तथा स्थानीय सरकार एवं निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्टार्टअप उद्यमीलाई व्यवसाय संवर्द्धन, क्षमता अभिवृद्धि, सेवा, बजारीकरण र मूल्य-शृंखला निर्माण गर्न सबै प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र स्थापना र सञ्चालन गरिने नीतिमा समेटिएको छ । स्टार्टअप नवप्रवर्द्धनलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सार्वजनिक सूचना जारी गर्नेबित्तिकै सरकारले तोकेका मापदण्ड पूरा गरेका ६ हजारभन्दा बढीले आवेदन दिए । अन्तर्वार्ता र उनीहरूको प्रोजेक्ट सोकेसका लागि दोस्रो चरणमा करिब १७ सय मात्र छानिए र अन्तिममा ६ सयजति स्टार्टअप अन्तिम ऋणका लागि स्वीकृत भए । ६ हजार हाराहारी स्टार्टअपको आवेदनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने युवाहरू केही न केही नयाँ सोचसाथ व्यवसायमा लागेका छन् । तिनलाई सरकारको बलियो सहयोग आवश्यक छ । ऋणका लागि योग्य नठहरिएका स्टार्टअपका सम्बन्धमा पनि सरकार त्यत्तिकै सहयोगी बन्न सक्नुपर्छ र उनीहरूका लागि कुनै न कुनै सहयोगका कार्यक्रम ल्याउन जरुरी छ ।

चालू आवको बजेटमा युवाको उद्यमशील सोंचलाई व्यवसायमा रूपान्तरण गर्न प्रत्येक प्रदेशमा बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालन गरिने कुरा आएको थियो । हजारौँको संख्यामा रहेका स्टार्टअपलाई राम्रो वातावरण दिएर उनीहरूलाई सानो मात्र सहयोग गर्न सकियो भने पनि उनीहरूको वृद्धि सम्भव देखियो । इन्क्युवेसन सेन्टर सञ्चालनलाई प्राथमिकता दिई कमजोर स्टार्टअपलाई सहयोग गर्न सरकारले तदारुकता देखायो भने नेपालमा स्टार्टअप प्रवर्द्धनमा ठुलै फड्को मार्न सकिन्छ ।

नीति तथा कार्यक्रममा देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गरेर आगामी दशकलाई आन्तरिक रोजगारी दशकका रूपमा मनाइने भनिएको छ । स्वरोजगारी तथा ज्याला रोजगारी दुवैका माध्यमबाट आन्तरिक रोजगारी सिर्जना गरिने परिकल्पना पनि गरिएको छ । वैदेशिक रोजगारीमा जाने नेपाली युवाको संख्या तीव्र वृद्धि भइरहेको छ । श्रमका लागि अधिकांश युवा समूहकै जनशक्ति बाहिर गइरहेका छन् । वैदेशिक रोजगार विभागका अनुसार हालसम्म करिब ७८ लाख नेपालीले वैदेशिक रोजगारीका लागि श्रम सम्झौता नवीकरण गरेका छन् । स्वदेशमा पर्याप्त रोजगारी नहुँदा नै यो स्थिति आएको हो । हरेक वर्ष कम्तीमा पनि सात लाख युवा कामको खोजीमा बिदेसिने गरेका छन् । सरकारले नीति तथा कार्यक्रममा स्वदेशमै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गर्ने जुन प्रतिबद्धता गरेको छ, यसलाई मूर्तरूप दिन आगामी बजेट कति सफल होला, त्यो हेर्न बाँकी नै छ ।

नीति कार्यक्रममा युवालाई आर्थिक र सामाजिक रूपान्तरणका प्रमुख बाहकका रूपमा परिचालन गरिने भनिएको छ । युवामा स्वयंसेवी र सदाचारी भावना विकास गरिने, युवाको शारीरिक र मानसिक विकासका लागि नियमित खेलकुद प्रतियोगिता आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना, विद्यालय तहदेखि नै खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने स्पष्ट पारिएको छ । भनिएअनुसार कार्यक्रम सम्पन्न गर्न खेलकुदका लागि भौतिक पूर्वाधारको ठूलो भूमिका हुन्छ । संघीय राजधानी काठमाडौंमा रहेको एक मात्र रंगशालाको भौतिक अवस्था नाजुक छ । सोही कारण गत वर्ष एसियन कप छनोट प्रतियोगितामा मलेसियाविरुद्धको होम म्याच नेपालले आयोजना गर्न पाएन ।

क्रिकेट, फुटबललगायत खेलका लागि म्याच आयोजना गर्न हाम्रा पूर्वाधार अन्तर्राष्ट्रियस्तरका छैनन् । नीति कार्यक्रम र बजेटमा उल्लेख गरिन्छ, तर पूर्वाधार निर्माणका काम समयमै सकिँदैनन् । हालै कीर्तिपुरको क्रिकेट स्टेडियममा फ्लड लाइट जडान कार्य समयमै सम्पन्न नभएपछि प्रधानमन्त्रीले नै निर्देशन दिनुपर्‍यो । अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडीका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइने कुरा पनि बडो सुन्दर ढंगमा नीति कार्यक्रममा आएको छ । झट्ट सुन्दा कति राम्रो लाग्छ, तर वर्षौंदेखि खेलकुदमै जीवन दिएका खेलाडी राजनीतिक अस्थिरता र खेलकुद क्षेत्रमा राजनीतिको हालीमुहालीले आफ्नो भविष्य नै अन्योल देखी विदेसिएका समाचार हामी सबैले पढेकै हौँ । खेलाडी भविष्य सुनिश्चित हुने नदेखेर बिदेसिन थालेका बेला तिनका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम कति प्रभावकारी होला ? बरु खेलाडी पलायन रोक्ने विश्वासिला कार्यक्रम बजेटमा ल्याउँदा बढी प्रभावकारी हुन्थ्यो कि ?

हाम्रो शिक्षा जीवनोपयोगी भएन, डिग्री दिएर बेरोजगार उत्पादन गर्ने शिक्षा प्रणाली भयो भन्ने नै आम ठम्याइ छ । बाहिर शिक्षासँगै रोजगारीको अवसर पनि दिइने हुँदा हाम्रा युवामा विदेशमोह बढेको हो । यसका लागि हाम्रा पाठ्यक्रममा व्यापक परिवर्तन गरी पढ्दै कमाउँदै गर्न सक्ने खालको व्यावहारिक शैक्षिक कोर्स विकास गर्नुपर्ने सुझाव आइरहेका छन् । यसतर्फ सरकारको आगामी बजेटले विशेष सम्बोधन गर्न आवश्यक छ ।

१६औँ योजनाले आर्थिक वर्ष ०७९/८० मा शून्य दशमलव ९८ प्रतिशत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवालाई आर्थिक वर्ष ०८५/८६ मा ५० प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ । त्यस्तै स्वरोजगार उद्यम व्यवसाय सञ्चालन गर्ने १०४ युवाको संख्यालाई योजनाको अन्त्य अर्थात् आर्थिक वर्ष ०८५/८६ मा एक हजार पुर्‍याउने लक्ष्य राखेको छ । यसलाई पूरा गर्न पनि सरकारको नीति तथा कार्यक्रममा आएका युवालक्षित कार्यक्रमलाई आगामी बजेटले स्पष्ट रूपमा सम्बोधन गर्नैपर्छ । हरेक साल नीति तथा कार्यक्रम आउँछन् । हाम्रा नीति तथा कार्यक्रम निकै राम्रा पनि हुन्छन् । हाम्रो सबैभन्दा कमजोर पक्ष कार्यान्वयनको हो । हरेक वर्ष सरकार परिवर्तन हुने र एउटा सरकारले ल्याएको बजेट कार्यान्वयनमा अर्को सरकारले देखाउने उदासीनताले लक्षित उद्देश्य हासिल गर्न नसकिने अवस्था छ । यसपालि दुईतिहाइ हाराहारीको सरकारले ल्याएको नीति कार्यक्रम सफल पार्न आगामी बजेटले सहयोग गर्ने अपेक्षा अलि बढी नै छ ।

कलेज जाने उमेर समूहका युवामा ठुला आकांक्षा र सपना हुन्छन् । युवा शब्दको उल्टो 'वायु' हुन्छ । वास्तवमा युवा वायुझै प्रवाहवान् एवं गतिशील हुन्छन् । युवा शक्ति मुलुकको वर्तमान र भविष्य दुवै हुन् । राष्ट्र निर्माणको प्रमुख स्रोत पनि हो । राष्ट्रिय जनगणना ०७८ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूह अर्थात् युवाको जनसंख्या ४२.५६ प्रतिशत छ । यो शक्ति देश विकासको बलियो आधार पनि हो, सम्पत्ति पनि हो । युवा परिचालनमार्फत देश विकास गर्ने अवसर हामीसँग लगभग तीन दशक छ । त्यसपछि हाम्रो समाज बुढ्यौलीतर्फ जानेछ । तसर्थ, यो वायुरूपी युवा शक्तिलाई देश निर्माणमा लाग्ने र देशमै केही गर्न सकिन्छ भन्ने आशा जगाएर उनीहरूलाई टिकाउने कार्यक्रम आगामी बजेटमा ल्याउन अर्थमन्त्रीलाई सुझाव छ ।

नयाँ पत्रिका दैनिकबाट

# नेप्से परिसूचक घट्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । नेप्से परिसूचक ११ दशमलव ५३ अङ्कले घटेर दुई हजार ६५० दशमलव ११ को बिन्दुमा कायम भएको हो ।

तीन सय कम्पनीका दुई करोड ४० लाख ११ हजार १४ कित्ता शेयर ८८ हजार ९५५ पटक खरिद बिक्री हुँदा रु १० अर्ब २० करोड २७ लाख एक हजार ३४४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

विकास बैंक समूह एक दशमलव २७, होटल तथा पर्यटन छ दशमलव ५०, जीवन बिमा शून्य दशमलव ३१, निर्जीवन बिमा शून्य दशमलव शून्य छ र व्यापार समूह शून्य दशमलव २० प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ५१, वित्त तीन दशमलव ७२, जलविद्युत् एक दशमलव २६, लगानी एक दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव शून्य नौ र म्युचुअल फण्ड शून्य दशमलव २८ प्रतिशतको गिरावट देखिएको छ । कारोबारमा नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव ४५ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ६६ करोड १० लाख ७० हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको १५ लाख ६१ हजार ८७१ कित्ता शेयर खरिद बिक्री भएको छ ।

# गर्मीमा बालबालिकामा देखिने सात समस्या, कसरी जोगाउने ?

यतिखेर तापक्रम उकालो लागेको लाग्यै छ । गर्मीमा घाँटी खराब हुनु, रुघा, ज्वरो आउनु सामान्यजस्तै हो । तर उचित सावधानी राखियो भने रोगबाट बच्न सकिन्छ । गर्मीका बेला लाग्ने रोगबाट बचाउन बाबुआमाले विशेष ध्यान दिनुपर्छ । तर यो बेला भरपूर पानी पिउने, पोषणयुक्त आहारा दिने, धेरै समय बाहिर ननिस्कने र आराम गर्ने गर्नुपर्छ । गर्मीको मौसममा यी समस्याबाट बच्नुपर्छः

**सनस्ट्रोक** : सामान्यतः गर्मीमा सनस्ट्रोकको समस्या हुन्छ। यो मौसममा शरीरले आफैंलाई चिसो राख्ने क्षमता कमजोर हुन्छ । यसैले सनस्ट्रोकबाट बच्नका लागि भरपूर मात्रामा पानी पिउनुपर्छ । हिटस्ट्रोकबाट पीडित हुँदा धेरै ज्वरो आउने र कमजोरी महसुस हुन्छ ।

**डाबर आउनु** :

गर्मीका कारण शरीरका विभिन्न भागमा डाबर या घमौरा आउछ । यसको समाधानका लागि डाक्टरलाई देखाउनुपर्छ ।

**एलर्जी** :

धूलो र गर्मीका कारण एलर्जी हुने समस्या आम हो। यसका लागि धेरै घाममा बाहिर निस्कनुहुन्न ।

**हैजा, टाइफाइड र जण्डिस** : यी सबै पानीका कारण हुने रोग हुन् । यसबाट बँच्न सकेसम्म बाहिर खानुहुन्न । बाहिरको खाना गर्मीका कारण चाँडै नै बिग्रन्छ । गर्मीमा पानीको माग बढ्ने भएकाले प्रदूषित पानीको प्रयोगका कारण पनि यस्ता समस्या फैलन्छन् । ब्याक्टेरिया तातो र नुनिलोपानीको माहौलमा पैदा हुन्छन् । ब्याक्टेरियायुक्त खाना खानाले विभिन्न समस्या निम्तन्छन् ।

**लामुखट्टेका कारण हुने समस्या** :

घरवरिपरी जम्मा हुने पानी लामखुट्टेको बासस्थान बन्छन्, लामुखुट्टेको टोकाईका कारण डेंगु, मलेरियाजस्ता रोग लाग्छन् ।

**कसरी बँच्ने** ?

सडकमा बेच्न राखिएका काटेका फलफुल र अन्य खालका खानेकुरा बालबालिकालाई नखुवाउनुहोस् । यस्तो मौसममा बच्चाहरुलाई मसालेदार र तारेका खानेकुरा नखुवाउनुहोस् । यस्ता खानेकुरा सजिलोसंग पच्न सक्दैनन् । उनीहरुलाई ताजा फल, हरिया तरकारी, जुसजस्ता स्वस्थकर खानेकुरा र हल्का खाना खुवाउनुस् ।

बच्चालाई तिर्खा नलागे पनि पानी पिइरहन प्रेरित गर्नुहोस्, यसले शरीर सुख्खा रहन दिँदैन । उनीहरुलाई कागती पानी, नरिवलको पानी र अन्य प्राकृतिक तरल पदार्थ दिनुपर्छ ।

बालबालिकालाई हल्का र खुला कपडा लगाउन दिनुहोस् । तन्दुरुस्तीका लागि आफूसँगै बच्चालाई पनि बिहान बेलुकी कसरत गराउनुहोस् ।

स्वास्थ्य खबरबाट

# हुलाकी सडकले सुगम बन्यो नरैनापुर



राँझा । बाँकेको दुर्गम क्षेत्र मानिने राप्ती नदीपारी अवस्थित नरैनापुर गाउँपालिका हुलाकी सडक सञ्चालनमा आएपछि सुगम बन्दै गएको छ।

हुलाकी सडक निर्माणसँगै अहिले नरैनापुरबाट करिब आधा घण्टामै सदरमुकाम नेपालगञ्ज पुग्न सकिने नरैनापुर गाउँपालिका-४ निवासी ताजमोहम्मद खानले बताए । "हुलाकी सडक निर्माण नहुँदा भारतको बाटो हुँदै नेपालगञ्ज पुग्नुपर्थ्यो, अहिले आधा घण्टामै पुगिन्छ", खानले भने-"हुलाकी सडक नरैनापुरवासीको लाइफलाइन बनेको छ।"

हुलाकी सडक निर्माण भएपछि अहिले नेपालगञ्जबाट नरैनापुरको सीमावर्ती क्षेत्र सुईया बघौडासम्म दैनिक रूपमा चार वटासम्म सार्वजनिक यात्रुवाहक बस सञ्चालन हुने गरेका छन् । हुलाकी सडक निर्माणपछि नरैनापुरवासीको स्वास्थ्य र शिक्षामा सहज पहुँच पुगेको नरैनापुर-६ का अगुवा सोहनलाल यादवको भनाइ छ।

"पहिला बिरामीलाई अस्पताल पुऱ्याउन धेरै कठिन हुने गर्थ्यो, अहिले गाउँघरमै एम्बुलेन्स पुग्ने भएकाले बिरामीलाई सजिलै नेपालगञ्जका अस्पतालमा लैजान सकिन्छ", यादवले भने-"नरैनापुरमा अहिलेसम्म उच्च शिक्षा अध्ययनको लागि क्याम्पस छैनन्, हुलाकी सडक बनेपछि विद्यार्थीलाई नेपालगञ्ज पढ्न जान आउन धेरै सजिलो भएको छ।"

विगतमा सडक नहुँदा भारतीय बजारमा निर्भर रहेको नरैनापुरलाई हुलाकी सडकले सदरमुकाम नेपालगञ्जसँग सीधा सम्पर्क गराएको यादवले बताउनुभयो। हुलाकी सडकदेखि भित्री गाउँसम्म पुग्ने सडक निर्माणमा अब गाउँपालिकाले ध्यान दिनुपर्ने उनको भनाइ छ।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले हुलाकी सडक निर्माण भएसँगै नरैनापुरवासीको जीवनयापनमा आमूल परिवर्तन आएको बताए । उनले गाउँपालिकाका छ वटै वडाका गाउँबस्तीसम्म पुग्ने सडक निर्माणलाई आफूले प्राथमिकता दिएको उल्लेख गरे।

बहुप्रतीक्षित नेपालगञ्ज-बघौडा सडक निर्माण चर्चा सुरु भएको दुईदशक बढी समयपछि निर्माण सम्पन्न भएको हो । करिब २३ वर्ष अघिदेखि सडक निर्माण सुरु भए पनि पटकपटकको अवरोध र अनिश्चितताकाबिच नरैनापुर गाउँपालिकालाई सदरमुकाम नेपालगञ्जसँग जोड्ने ४४ किलोमिटर सडक निर्माण सम्पन्न भएपछि आवागमनमा सहज भएको बाँके क्षेत्र नं १ का सङ्घीय सांसद सूर्य ढकालले जनाए।

हुलाकी सडक निर्माण समयमै सम्पन्न गर्न आफूले आवश्यक समन्वय र चासो देखाएको बताउँदै उनले हुलाकी सडक निर्माणले यहाँका नागरिकलाई विकासको अनुभूति गराएको उल्लेख गरे।

# जग्गा भाडामा लिएर व्यावसायिक तरकारी खेतीमा रमाउँदै खड्का

घोराही । घोराही उमहानगरपालिका-१० नारायणपुरमा तरकारीखेती गरेका रोल्पाको रुन्टीगढी गाउँपालिका-७ गैराका महेन्द्र खड्काले स्थानीय ३८ जनालाई रोजगारी दिएका छन् । उनले १३ बिघा जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आएका छन् ।

खड्काले व्यावसायिक रूपमा तरकारीखेतीमा लागेको १० वर्ष भयो। बुबाले गरेको कर्मलाई नै मार्गदर्शन मानेर खड्काले सुरुमा थोरै मात्रामा खेती गर्दै आएको भए पनि व्यावसायिक रूपमा लागेपछि ठूलो परिमाणमा खेती गरेका हुन्।

तरकारीखेती गर्दै जाँदा लगाउने आधुनिक तरिकाबारे सिक्दै गएकाले उत्पादन प्रतिवर्ष बढ्दै गएको उनको भनाइ छ। किसान खड्काले खेती गर्दै जाँदा यसमा धेरै कुराको अनुभव बटुल्न पाएको बताए । "स्वदेशमा बसेर केही गर्नुपर्छ भन्ने सोचका साथ गर्दै आएको तरकारीखेतीले प्रतिफल राम्रो दिँदै गएको छ", उनले भने-"कृषि पेसामा पनि आफूले तरकारीखेती नै धेरै सम्भावना देखेर यसलाई निरन्तरता दिँदै आएको छु, त्यसैअनुरुप खेती गर्दै जाँदा उत्पादन बढ्न थाल्यो।"

राप्ती बवई एग्रिकल्चर प्रालिमार्फत् सञ्चालन गर्दै आएको खेतीमा उनले बोडी, काँक्रा, करेला, टमाटरलगायतका तरकारी उत्पादन गर्दै आएका छन् । केही वर्ष अगाडि रोल्पामा पनि तरकारीखेती गरेको, त्यहाँ ढुवानी र बजारको समस्या हुने भएकाले दाङमा झरेर थप व्यावसायिक रूपमा तरकारीखेती गर्दै आएको किसान खड्का बताउँछन्।

जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आएका खड्काले यसबाट आकर्षक आम्दानी हुने गरेको बताए। सानैदेखि नै यही पेसामा लागेकाले आफूले अन्य कामतिर ध्यानै नदिएको र यसमै सन्तुष्ट रहेको उनको भनाइ छ।

खड्काले वार्षिक रु दुई करोडभन्दा बढी मूल्यको तरकारी उत्पादन गर्दै आएका छन् । "जसबाट ३५ प्रतिशत बचत हुने गरेको छ, भाडाको जग्गाको वार्षिक रु पाँच लाख तिर्ने गरेको छु", उनले भने-"स्थानीय नागरिक तरकारी फार्ममै काम गर्न पाउँदा उनीहरू पनि खुसी भएका छन्, दुई-चार पैसा कमाउन अन्यत्र जानुपर्ने अवस्था अन्त्य भएको छ, भोलिका दिनमा व्यवसायलाई अझ बढाउँदै लैजाने उहाँको सोच छ।"

तरकारी फार्ममा काम गर्दै आएकी स्थानीय गीता महरा घर नजिकै काम पाउँदा खुसी भएको बताउँछिन् । काम गरेबापत तलब पनि समयमा पाउँदै आएको उनको भनाइ छ । उनीजस्तै रञ्जिता चौधरी पनि विगत दुई वर्षदेखि त्यही तरकारी फार्ममा काम गर्दै आएको बताउँछिन् । यहाँ काम गरेदेखि परिवारको घरखर्चमा केही सहयोग मिलेको उनले बताइन्। धेरै दुःख पनि नहुने दुई-चार पैसा कमाउनका लागि अन्यत्र जान नपर्ने उनको भनाइ छ।

आफ्नै देशमा उत्पादनको प्रशस्त सम्भावना भएर पनि वार्षिक करोडौं रुपैयाँको तरकारी आयात हुँदै आएको छ। स्वदेशभित्रै उत्पादन गर्न सकिने र बजारीकरणको पनि समस्या नहुने अवस्थामा तरकारीखेतीलाई प्रोत्साहन गरी स्वदेशभित्रै रोजगारी बढाउने काममा तीनै तहका सरकारले जोड दिनुपर्नेमा स्थानीय अगुवाले सुझाव दिएका छन्।

# एकैपटक दुई स्वास्थ्य चौकी निर्माण

ढोरपाटन । गलकोट नगरपालिकामा एकैपटक दुई स्वास्थ्य चौकीका भवन निर्माण गरिएका छन् । वडा नं. १ को दुदिलाभाटी र वडा नं. ७ मा मल्म स्वास्थ्य चौकी निर्माण गरिएको हो । वर्षौं पुराना भवनबाट सञ्चालन हुँदै आएका स्वास्थ्य चौकीलाई व्यवस्थित गरी नगरपालिकाले प्रभावकारी सेवा प्रदान गर्न नयाँ संरचना थप गर्दै आएको छ।

दुईवटै स्वास्थ्य चौकी निर्माण अघिल्लो वर्ष सुरु गरिएको थियो। दुदिलाभाटी स्वास्थ्य चौकी २०८० मङ्सिरमा सम्झौता गरी काम सुरु भएको थियो। विष्णु निर्माण सेवाले रु एक करोड ८१ लाख ५८ हजार ६८० लागतमा निर्माणको जिम्मा पाएको नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिए। उक्त भवन गत माघमा सम्पन्न भएको थियो।

मल्म स्वास्थ्य चौकी २०८० असारमा सम्झौता भई काम सुरु भएको थियो । जयकालिका भगवती/केसी निर्माण सेवा जेभीले रु दुई करोड ३१ लाख ३६ हजारको लागतमा निर्माण गर्नेगरी जिम्मा पाएको उक्त भवन गत वर्ष पुसमा सम्पन्न भएको थियो।

प्रवक्ता भण्डारीका अनुसार, गलकोट नगरपालिकाले स्वास्थ्य क्षेत्रमा ठूलो लगानी गरेको छ। पालिकाका सबै स्वास्थ्य चौकीको सुविधायुक्त भवन बने, यहाँबाट दिइने सेवालाई पनि गुणस्तरीय र प्रभावकारी बनाउन सकिन्छ । आम नागरिकले विश्वास गर्नेगरी स्वास्थ्य संस्थाबाट सेवा दिने प्रयास भइरहेको छ । कोही बिरामी भए गाउँमै उपचार पाउने भएका छन्।

दुदिलाभाटी स्वास्थ्य चौकी प्रमुख याममाया रानाले ५० वर्ष अगाडि बनेको साँघुरो कच्ची भवनबाट सेवा प्रभावकारी हुन नसकेको बताइन् । एउटै कोठाबाट धेरै सेवा दिँदा बिरामीलाई लाइनमा बसाल्नुपर्ने समस्या भएको भन्दै अब उक्त समस्या समाधान हुने उनको भनाइ छ।

पालिकाको ११ वटै वडामा नगरपालिकाले स्वास्थ्य सेवा पुऱ्याएको छ। गलकोटमा एउटा नगर अस्पतालसहित १४ स्वास्थ्य संस्था रहेको स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलले जानकारी दिए। उनका अनुसार नगरपालिकामा सात स्वास्थ्य चौकी, तीन सहरी स्वास्थ्य केन्द्र र तीन आधारभूत स्वाथ्य सेवा केन्द्र छन्।

नगरपालिकाले नौ स्थानमा बर्थिक सेन्टर र पाँच स्वास्थ्य संस्थामा ल्याब सेवा दिँदै आएको छ।

गाउँ-गाउँमा स्वास्थ्य संस्था स्थापना गरी बर्थिङ सेन्टर सञ्चालन गरेपछि दूरदराजका नागरिकले सहज रूपमा सेवा पाउनुका साथै घरमा सुत्केरी हुनेको संख्या शून्यमा झरेको प्रमुख पौडेलले जानकारी दिए।

# राप्ती सोनारीका गाउँटोलमा पशु स्वास्थ्य शिविर

राँझा (बाँके) । राप्ती सोनारी गाउँपालिकाले पशु स्वास्थ्योपचारका लागि वडास्तरमा निःशुल्क शिविर सञ्चालन गरेको छ । किसानलाई सुविधाका लागि वडास्तरमै पशुस्वास्थ्य शिविर सञ्चालन गरिएको राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारुले बताए। वडा नं. ६ फत्तेपुरको विभिन्न आठ टोलमा हाल निःशुल्क शिविर सञ्चालन भएका छन्।

उनले राप्ती सोनारी गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्दै आएको उल्लेख गर्दै आगामी आर्थिक वर्षमा पनि पशु शिविर कार्यक्रमको लागि बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे।

पशु स्वास्थ्य शिविरमा वडामा रहेका सबै किसिमका पशुको स्वाथ्योपचार गरिएको छ । गाउँपालिकाले विनियोजन गरेको रु पाँच लाख बजेटबाट वडामा निःशुल्क पशु शिविर सञ्चालन गरिएको राप्ती सोनारी-६ का वडाध्यक्ष लबराज खरेलले जानकारी दिए। उनका अनुसार रु पाँच लाखमध्ये यसअघि रु एक लाखको बर्सिम घाँसको बीउ वितरण गरिएको र बाँकी बजेटबाट वडामा रहेका २३ वटै टोललाई समेट्नेगरी शिविर सञ्चालन गरिएको हो । यो शिविर पशु प्रवर्धन गर्ने उद्देश्यले राप्ती सोनारी-६ को आठ स्थानमा सञ्चालन गरिने छ।

शिविरमा जोरैया र मोहनपुर टोलका १५१ घरधुरीले आफ्ना पशुको स्वाथ्य परीक्षण गराएको राप्ती सोनारी गाउँपालिका पशु शाखाका प्रमुख जयबहादुर कार्कीले जानकारी दिए।

शिविरमा स्थानीयले गाईभैंसी, भेडा, बाख्रा, कुखुरा, हाँस, कुकुर, बिरालोलगायत पशुको स्वाथ्य जाँचगरी औषधि निःशुल्क वितरण गरिएको थियो।

शिविरमा गाउँपालिकाको पशु प्राविधिक र वडाका पशु प्राविधिकलगायत पशु शाखाका कर्मचारीहरु खटिएका थिए। पशुमा आन्तरिक र बाह्य परजीवि पत्ता लगाएर भिटामिन, मिनरल र जुकाको औषधि निःशुल्क वितरण गरिएको गाउँपालिका शाखा प्रमुख कार्कीले बताए।

### डेढ...

सहकारी समस्या समाधानका लागि प्रभावकारी रुपमा प्रक्रिया प्रारम्भ गर्न ऐन जारी भइसक्दा पनि सो बमोजिमको शक्तिशाली निकाय प्राधिकरण गठनमा भइरहेको अस्वभाविक ढिलाइले सहकारीको समस्या थप जटिल बँदै गएको सर्वोच्चको ठहर छ।

प्राधिकरण गठन गर्न प्राधिकरणका अध्यक्ष र सदस्य नियुक्तिका लागि उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकारलाई सिफारिस गर्न सिफारिस समिति गठन गर्नु पर्नेमा अहिलेसम्म समिति समेत गठन भएको नदेखिएको सर्वोच्चको आदेशमा उल्लेख छ।

'उपरोक्त विवेचित कानुनी प्रबन्ध समेतलाई मनन गर्दा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन सहकारी क्षेत्रका समस्याको पहिचान र सम्बोधनका लागि अपरिहार्य भइसकेको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरी विद्यमान समस्याको सम्बोधनतर्फ सार्थक पहल वाञ्छनीय देखिन्छ । यस स्थितिमा माथि औँल्याइएका विषयहरु समेत सम्बोधन हुने गरी देहाय बमोजिमको कार्य तत्काल गर्न गराउन विपक्षीहरुका नाममा परमादेश जारी हुने ठहर्छ ।'- आदेशमा भनिएको छ।

### भोजभतेरमा...

'स्वाद, स्वास्थ्य र संस्कृतिको सङ्गम बनेको मही हिजोआज भोजभतेरसँगै औपचारिक कार्यक्रममा पनि राखेको देख्न पाइन्छ ।'- उनले भने।

विशेषगरी गर्मी मौसममा महीले चिसो र शीतल पार्ने हुँदा यसको प्रयोग बढ्दो छ । देवचुली नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामकुमार श्रेष्ठका अनुसार मही प्रोटिन, क्याल्सियम र इलेक्ट्रोलाइट्सले भरिपूर्ण हुन्छ। भोजमा कोल्ड ड्रिङ्कको सट्टा मही राख्दा स्वास्थ्यका लागि लाभदायक हुने उनको भनाइ छ।

माग बढ्न थालेपछि स्थानीय पशुपालक तथा दुग्ध उत्पादक किसानले दही र महीको आपूर्तिमा ध्यान दिन थालेका छन् । भोजभतेर तथा कार्यक्रमका लागि दैनिक दही र महीको माग आउने क्रम बढेको गौरादेवी नवीन कृषि तथा पशु फार्म कावासोती-६ का सञ्चालक गङ्गाधर न्यौपानेले बताए।

'हिजोआज भोजमा एकैचोटी सयौँ किलो दहीको माग आउँछ। यसले किसानलाई फाइदा पुगेको छ।'-उनले भने।

वरिष्ठ फिजिसियन डा. नन्दु पाठक केमिकलयुक्त कोल्ड ड्रिक्संभन्दा मही स्वास्थ्यका लागि धेरै फाइदाजनक हुने बताउँछन्।


**लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका वडा न. १ मा अवस्थित नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्रको भोगाधिकार स्वामित्वमा रहेको जग्गाबाट निर्माणजन्य पदार्थ व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८२/०१/२९)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र<br>ठेगानाः सैनामैना नगरपालिका वडा- १, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश,<br>फोन नं.: ०७१-४०५१२२, +९७७ ९८५७०८५९९१ |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः सैनामैना नगरपालिका वडा-१<br>• जग्गाको विवरणः नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्रको भोगाधिकारमा रहेको जग्गा<br>• प्रस्ताव बारे सामान्य जानकारी : सैनामैना नगरपालिका वडा न. १ मा पर्ने नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्रको भोगाधिकार स्वामित्वमा रहेको जग्गाबाट दिगो तथा वातावरण मैत्री रुपमा निर्माणजन्य पदार्थ व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | रुपन्देही जिल्ला / सैनामैना नगरपालिका वडा- १ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सैनामैना नगरपालिका-१ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र, सैनामैना -१, रुपन्देही<br>फोन नं.: ०७१-४०५१२२, +९७७ ९८५७०८५९९१ |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुसन प्रा.लि., तिलोत्तमा-०२ , रुपन्देही जिल्ला<br>सम्पर्क नंः +९७७ ९८६७१८९०५१ |



**Yasodhara Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Lumbini Province**
**Baidauli, Kapilvastu**

**Invitation for Sealed Quotation**

First Date of Publication: 2025/05/06 AD

1.Yasodhara Rural Municipality, Kapilvastu invites electronic Sealed Quotation from eligible bidders for the following Projects under Sealed Quotation Bidding procedures.

| S.N | Contract No | Description of Works | Estimated Amount Excluding Vat and Contingencies | Bid Security Amount | Price of Bid Document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 16/YRM/SQ/ WORKS/081/82 | wada no 4 hatihawa chaura hamohammad musalmaan ko ghar rashyamuya davkoghar dekhi bahdilwa jane bato samma dubaitarf pakki nail nirman | 867779.12/- | 20000 | 1000 |
| 2 | 17/YRM/SQ/ WORKS/081/82 | Hardewa Ramsoiya Naala Nirman Yasodhara-3, Kapilvastu | 1726154.78/- | 40000 | 1000 |
| 3 | 15/YRM/SQ/ WORKS/081/82re | Titirkha Xaxtwataal | 885187.17/- | 22000 | 1000 |
| | Deadline for Bid Submission | 2025/05/06, 12hours | | | |
| | Date and Time of Bid Opening | 2025/05/21, 13hours | | | |
| | Account Number for Bid Document Purchase | Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Name of Office: Yasodhara Rural Municipality, Baidauli<br>Name of Account: Ga 1.1 Antarik Rajaswa Khata<br>Office Account Number: 02715229661 | | | |
| | Account Number for Bid Security Deposit | Account Name: DharautiKhata<br>Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Account Number: 02715083935 | | | |

2. Eligible Bidders may obtain further information at the office of Yasodhara Rural Municipality, Kapilvastu or by reaching out to them at Telephone 9857051843 or by dropping a mailatitoyasodharamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-05-2025 13:00 hoursat the office of Yasodhara Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amountingas mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# निर्वाचन प्रणाली बदल्नुपर्छ : प्रचण्ड



बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले निर्वाचन प्रणाली बदल्नुपर्ने बताएका छन् ।

हालको निर्वाचन प्रणाली जनताको पक्षमा नभएको बताएका प्रचण्डले संविधान संशोधनमार्फत् यसलाई बदल्नुपर्ने बताएका हुन् ।

सुनसरीको धरानमा आइतबार किराँत र लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चा नेपालको संयुक्त राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उनले हालको निर्वाचन प्रणाली चुनावमा पैसा खर्त गर्न सक्नेहरूको पक्षमा रहेको बताए ।

'संविधानमा अहिले व्यवस्था गरिएको निर्वाचन प्रणाली जनताको पक्षको होइन, पैसावालाहरूको पक्षको निर्वाचन प्रणाली हो,' पूर्वप्रधानमन्त्री प्रचण्डले भने-'यसलाई बदलेर प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली र पूर्ण समानुपातिक संसद् रहने निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छ र त्यसका लागि संविधान संशोधन अपरिहार्य छ ।'

उनले संविधानलाई अझै बढी समावेशी र समाजवादउन्मुख बनाउन आवश्यक रहेको बताए ।

शान्ति प्रक्रियामा आएपछि माओवादी जनताबाट केही टाढा भएको दोहोऱ्याउँदै प्रचण्डले केन्द्रीय समितिको बैठकमा गम्भीर आत्मसमीक्षा गरिएको र अब देशका सबै उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रका जनतासँग सम्बन्ध सुधार्ने अभियानमा रहेको जिकिर गरे ।

उनले पूर्वी नेपालमा पहिचानको आन्दोलन गरिरहेका समूहहरू, प्रगतिशील जनता, नयाँ उदाएका नेता र दलहरूले माओवादीसँग सहकार्य गर्नु पर्ने बताए । देशमा व्याप्त विकृति, विसङ्गति र भ्रष्टाचारको अन्त्य गर्दै सुशासनको अभियानमा लाग्न त्यो सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।

अध्यक्ष प्रचण्डले सबै उत्पीडित वर्ग, पहिचानका पक्षधर, माओवादी आन्दोलनसँग सम्बद्ध पार्टी तथा समूहहरू र हर्क साम्पाङजस्ता नयाँ उदाएका राजनीकर्मीहरूलाई संविधान संशोधन र समाजवादी रूपान्तरणको अभियानमा एकजुट भई माओवादी केन्द्रलाई साथ दिएर अघि बढ्न आह्वान गरे ।

# महासंघद्वारा सरकारलाई बजेट सुझाव

बुटवल । नेपाल उद्योग वाणिज्य महासंघले सरकारलाई बजेट सुझाव दिएको छ ।

अध्यक्ष चन्द्र ढकालले अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई महासंघको तर्फबाट बजेट सुझाव पेस गरेका हुन् ।

नेपाल पछाडि पर्नुको मुख्य कारण सरकार, स्वदेशी निजी क्षेत्र र विदेशी लगानी अत्यन्त न्यून हुनु कारण रहेकोले लगानीसम्बद्ध एकीकृत कानुन, एकमात्र सहजीकरण, नियमन गर्ने निकाय र एकीकृत सेवा पहिलो आवश्यकता भएको उनले बताए । त्यसैगरी लगानी दशक घोषणा गरी नीतिगत स्थायित्व र ठोस कार्ययोजना दोस्रो प्राथमिकता भएको भन्दै उनले कार्ययोजना निर्माणमा महासंघले सघाउने जनाए ।

साना मझौला उद्योगको अनलाइन दर्ता र राजस्वसम्बन्धी व्यवस्था, सूचना प्रविधि उद्योगको विस्तार, खाडी मुलुकलक्षित निर्यात कार्यक्रम, हिलस्टसन, खेलकुद, विवाह कार्यक्रम केन्द्रित पर्यटन कार्यक्रम तत्काल सकारात्मक नतिजा दिने योजना भएकाले त्यसतर्फ सोच्न उनको आग्रह छ ।

ढकालले उच्चस्तरीय आर्थिक सुधार आयोगका अधिकांश सुझावको कार्यान्वयनले नयाँ चरणको सुधारको मार्गप्रशस्त गर्नेछ ।

# निवर्तमान गभर्नर अधिकारीविरुद्ध मुद्दा दर्ता

बुटवल । सर्वोच्च अदालतले राष्ट्र बैंकको गभर्नर सिफारिस समितिका सदस्य महाप्रसाद अधिकारीविरुद्ध परेको रिट निवेदन दर्ता गरेको छ । आइतबार रिट दर्ता गर्दै आगामी ३० गतेलाई पेसी तोकिएको हो ।

अधिवक्ता नवीन धितालले २५ गते नै दायर गरेको रिट आइतबार दर्ता भएको हो ।

दायर रिटमा सरकारले गठन गरेको ३ सदस्यीय सिफारिस समितिमा अधिकारी बस्नै नमिल्ने र उनी समेत संलग्न समितिले गरेको सिफारिस गैरकानुनी हुने जिकिर गरिएको छ ।

अधिकारी गभर्नरमा बहाल रहेकै बेला गठन भएको समितिमा पूर्वगभर्नरको हैसियतमा अधिकारी नियुक्ति गर्नु गैरकानुनी रहेको निवेदकको दाबी छ ।

नेपाल राष्ट्र बैंकको गभर्नरबाट अधिकारीले उमेरहदका कारण गत २४ चैतमा अवकाश पाएका थिए ।

सरकारले अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा चैत १६ मै गभर्नर सिफारिस समिति बनाएको थियो । सो समितिमा राखिएका पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएपछि अधिकारीलाई बैशाख १७ गते नियुक्त गरिएको थियो ।

पदमा बहाल रहकै बेला गठन भएको समितिले काम थालिसकेको अवस्थामा अवकाशलगत्तै गरिएको नियुक्ति कानुनविपरीत र स्वार्थ बाझिने खालको भएको निवेदकको जिकिर छ । निवेदकले यसरी गैरकानुनी रुपमा नियुक्त सदस्य रहेको समितिले गरेको सिफारिस कार्यान्वयन नगर्न, सिफारिसअनुसार सरकारले निर्णय गरेको भए सो निर्णय बदर गर्न र तत्काल अन्तरिम आदेशमार्फत् समितिलाई सिफारिस गर्न रोक लगाउन माग गरेका छन् ।

यसैगरी निवेदकले सरकारले सार्वजनिक गरेको अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा लागि लागू नहुने जिकिर गरेका छन् ।

नेपाल राष्ट्र बैंक अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकाय नभई स्वायत्त निकाय भएकाले सो मापदण्ड लागू नहुने रिट निवेदनमा उल्लेख छ ।

रिट निवेदकले सो मापदण्ड कुन ऐन अन्तरगत जारी गरिएको हो भन्ने समेत नखुलेकाले खारेज गर्नुपर्ने भनेका छन् । राष्ट्र बैंकको बेग्लै कानुन रहेको र यही कानुनले नेपाल राष्ट्रबैंकको गभर्नर नियुक्तिका विषय समेटेकाले राष्ट्र बैंक ऐन नै नियुक्तिमा आकर्षित हुने निवेदकको दाबी छ ।

निवेदकले मापदण्डको अनुसूचीमा राष्ट्रबैंकलाई अर्थ मन्त्रालय सम्बन्ध निकायमा राखेको विषयलाई उत्प्रेषणको आदेशले बदर गर्न र तत्कालका लागि यो मापदण्ड राष्ट्रबैंकको हकमा कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेशसमेतको माग गरेका छन् ।

# सञ्चारमा ३३ प्रतिशत महिला सुनिश्चित गर्न माग

बुटवल । प्रेस सेन्टर नेपालले सञ्चार क्षेत्रमा महिला सहभागिता कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्न माग गरेको छ ।

आइतबार सरकारलाई १५ बुँदे ज्ञापनपत्र बुझाउँदै प्रेस सेन्टर नेपालले यस्तो माग राखेको हो ।

'तीनै तहमा सञ्चारलगायत सबै क्षेत्रमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत सुनिश्चित गरियोस्' आइतबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलाई बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ ।

महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत वर्गले सञ्चालन गरेका साना लगानीका मिडियालाई विशेष प्रोत्साहन गर्न पनि सेन्टरले माग गरेको छ ।

सञ्चारमाध्यम दर्ता प्रक्रियालाई सरल बनाउन आग्रह गरिएको छ । ज्ञापनपत्रमा भनिएको छ-'एकपटक दर्ता भइसकेपछि अन्य निकायमा पुनः दर्ता/नवीकरण गर्नुपर्ने झञ्झटिलो व्यवस्था खारेज गरेर सहज रूपमा दर्ता गर्ने प्रबन्ध गरियोस् ।'

संघीय सरकारको नीति तथा कार्यक्रममा समेटिएको 'स्वरोजगारमूलक मिडिया प्रवर्धनका लागि समानुपातिक विज्ञापन वितरण प्रणाली' प्रदेश तथा स्थानीय तहबाट पनि लागू गर्न ध्यानाकर्षण गरिएको छ ।

'स्थानीय विज्ञापन स्थानीय मिडियालाई अनिवार्य उपलब्ध गराउने व्यवस्था गरियोस् ।'- ज्ञापनपत्रमार्फत् भनिएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस काउन्सिल नेपाललगायतका निकायबाट प्रदान गरिने पत्रकार वृत्तिविकास अनुदान, सञ्चार उपकरण अनुदान, पुरस्कार/सम्मान पारदर्शी, समावेशी बनाउन भनिएको छ ।

पुरस्कार/सम्मानको सूचना समयमै सबैले प्राप्त गर्न मिल्नेगरी प्रवाह गर्ने व्यस्था गर्न भनिएको छ । प्रेस काउन्सिल नेपालको भूमिका स्वतन्त्र, निष्पक्ष र पत्रकार आचारसंहितामा आधारित हुनुपर्ने आग्रह गरिएको छ ।

पत्रकार दुर्घटना बिमालाई थप विस्तार गरी स्वास्थ्यबिमा र जीवनबिमाको व्यवस्था गर्न माग राखिएको छ । पत्रकारलाई सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने भनेको ५० प्रतिशत छुटलगायतका पूर्व निर्णय तत्काल कार्यान्वयन गर्न पनि माग गरिएको छ ।

सञ्चारकर्मीले खरिद गर्ने सञ्चारका सामग्रीमा अनुदान र सञ्चारगृहका लागि सवारी साधन खरिद प्रक्रियामा भन्सार कर छुटको व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गरिएको छ ।

पत्रकारको क्षमता अभिवृद्धिका लागि गठन गर्ने भनिएको 'आम सञ्चार प्रशिक्षण प्रतिष्ठान' तत्काल गठन गर्न भनिएको छ ।

'पत्रकार वृत्तिकोष'को कार्यान्वयनका सन्दर्भमा जेष्ठ पत्रकारको आवेदन माग गरेर सञ्चार मन्त्रालयमा रोकिएको छ ।

यसप्रति विरोध जनाउँदै प्रेस सेन्टरले तत्काल जेष्ठ पत्रकार भत्ता उपलब्ध गराउन माग गरेको छ । साथै, पत्रकार वृत्ति कोषका लागि जारी गरिएको मापदण्ड तत्काल परिमार्जन गरेर जेष्ठ पत्रकारले सहज ढंगले वृत्तिकोषबाट लाभ लिनसक्ने प्रबन्ध गर्न ध्यानाकर्षण गरिएको छ । श्रमजीवि पत्रकार ऐन, २०५२ को पूर्ण कार्यान्वयन गर्न र न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरेको न्युनतम पारिश्रमिक तत्काल लागू गर्न माग गरिएको छ । 'कानुन बन्ने र कार्यान्वयन नहुने अवस्थाको अन्त्यका लागि ऐनअनुसार तत्काल प्रेस रजिष्ट्रारको कार्यालय स्थापना र रजिष्ट्रार नियुक्त गर्न आग्रह गर्दछौं ।'- ज्ञापनपत्रमा उल्लेख छ ।

संविधान कार्यान्वयनका लागि बन्नुपर्ने सञ्चार नीति अहिले पनि सरकारको प्राथमिकतामा नपरेको भन्दै तत्काल पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न माग गरिएको छ ।

बनेका र बन्ने प्रक्रियामा रहेका कतिपय कानुन प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यताविरुद्ध रहेकामा प्रेस सेन्टर नेपालले गम्भीर चासो र चिन्ता व्यक्त गरेको छ ।

सञ्चार सम्बद्ध सरोकारवालाको बृहत् छलफलबाट मात्रै आवश्यक कानुन निर्माणको काम अघि बढाउन सरकारलाई आग्रह गरिएको छ ।

# 'मदरसालाई मूलप्रवाहमा ल्याउनमा प्रयासरत'



**मोहम्मद हबिब**
*भैरहवा*

लुम्बिनी प्रदेश सरकारले धार्मिक शिक्षालाई पछाडि पारिएकोले मुलप्रवाहीकरणमा ल्याउनेमा प्रयासरत रहेको बताएका छन् ।

सामाजिक विकास मन्त्रालयको आयोजना तथा प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन समन्वय समिति लुम्बिनी प्रदेशको समन्वयमा भैरहवामा आयोजित मदरसा शिक्षाको विकास तथा मूलप्रवाहीकरणका लागि सरोकारवालाहरुसँग आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले गुणस्तरीय शिक्षालाई सरकारले प्राथमिकतामा राखेर काम गर्दै आएको बताए ।

नेपालमा १ हजार १ सय ७७ वटा धार्मिक विद्यालय रहेकोमा लुम्बिनीमा सबैभन्दा बढी ५१० वटा र रुपन्देहीमा मात्रै १३५ वटा विद्यालय सूचिकृत रहेको बताउँदै ति विद्यालय राज्य पक्षको कमजोरि, अर्थतन्त्रको कारण सोंचे अनुरुपको रुपान्तरण गर्न नसकेको बताए । संविधानको व्यवस्था अनुसार सबै शिक्षाको पहुँचमा हुनुपर्ने हुँदा मदरसा शिक्षालाई प्रविधिको प्रयोग गरी आधुनिक शिक्षामा रुपान्तरण गर्नुपर्नेमा जोड दिए ।

राज्यले क्षमताअनुसार मूलप्रवाहमा ल्याउनमा प्रयासरत रहेको छ, यसमा तिनै तहको सरकारको सहकार्य जरुरी समेत रहेको उनले बताए । मदरसा शिक्षाको विकास, विस्तार र गुणस्तरीयतामा जोड दिँदै मन्त्री तिमिल्सिनाले आधुनिक शिक्षासँग जोड्दा बालबालिकाको पठनपाठन थप प्रभावकारी हुने जनाए । उनले गुणस्तरीय शिक्षालाई सरकारले प्राथमिकतामा राखेर काम गर्दै आएको बताए ।

सामूहिक सोंच र सामूहिक धारणाका साथ अगाडि बढेर पछाडि परेका समुदायलाई शैक्षिक क्षेत्रमा अघि बढाउन मन्त्रालयले काम गरिरहेको उनले जनाए । 'पछाडि परेका समुदायका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने, गुणस्तरीया शिक्षा प्रदान गर्ने र सक्षम बनाउने काम राज्यको हो', उनले भने-'यसैले हामीले मदरसा शिक्षाको स्तरीयकरण गर्न काम गरिरहेका छौं ।'

उनले लैंगिक समानता र हकहीतका लागि शैक्षिक सुधार आवश्यक भएको जनाए । मुस्लिम समुदायका महिलाहरुको समानता र हकहीतमा विशेष ध्यान दिइएको उनको भनाइ छ । उनले शिक्षा क्षेत्रमा मुस्लिम समुदायका पछाडि पारिएका र पठनपाठनबाट वञ्चित भएकाहरुलाई मूलप्रवाहीकरणका ल्याउन यो कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने जनाए । उनले प्रदेश सरकारले मदरसा शिक्षाको विकासका लागि मदरसा बोर्ड गठन गरी काम गरिरहेको बताए ।

शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त निर्देशक नारायणप्रसाद पोखरेलले मदरसा शिक्षाको विकास, ऐन कानून निर्माण, गुणस्तर सुधारलगायतका विषयमा केन्द्रित रहेर कार्यक्रम आयोजना गरिएको बताए । उनले अझैंसम्म पनि मदरसाहरु शिक्षाको मूलप्रवाहीकरणमा आउन नसकेको जनाउँदै नीतिगत सुधार गरेर भए पनि समेट्नुपर्नेमा जोड दिए । उनले मदरसा शिक्षालाई प्रभावकारी बनाउन जनशक्ति विकास गर्न जरुरी रहेको बताए ।

कार्यक्रममा मदरसा बोर्ड लुम्बिनी प्रदेशका उपाध्यक्ष नक्की खान, संविधानसभा सदस्य जन्नतुननिसा, मन्त्रालयको महाशाखा प्रमुख शारदा बस्याल बेल्बासेले मदरसा शिक्षालाई थप प्रभावकारी बनाउँदा विद्यालय बाहिर रहेका मुस्लिम समुदायका बालबालिका शिक्षाको पहुँचमा आउने जनाए ।

यसका लागि मन्त्रालयले योजनाबद्ध काम गर्नुपर्नेमा उनीहरुको जोड छ । कार्यक्रममा रुपन्देही, पश्चिम नवलपरासी र गुल्मीका मदरसा शिक्षाका अगुवा तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले दिएको सुझावलाई नीति तथा कार्यक्रममा लैजाने र केही समस्याहरु समाधान गर्ने योजना प्रदेश सरकारको छ ।

मुस्लिम समुदायका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितता, स्थापित मदरसाहरूलाई आवश्यकताअनुसार समन्वय, सहजीकरण र सहकार्यका लागि मदरसा शिक्षा व्यवस्थापन समन्वय समिति गठन गरिएको छ ।

२ वर्षे कार्याकाल रहेको समितिमा सामाजिक विकासमन्त्री अध्यक्ष हुने व्यवस्था छ । प्रतिष्ठित मुस्लिम व्यक्तिहरूमध्येबाट प्रदेश सरकारले एक जनालाई उपाध्यक्ष मनोनीत गर्ने गर्दछ जस अनुसार मोहम्मद नक्की खाँ भएका थिए । त्यस्तै गरी आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश योजना आयोगका सदस्य, सामाजिक विकास समितिका सचिव, मदरसा शिक्षा सञ्चालन गर्ने स्थानीय तहबाट मदरसा शिक्षामा योगदान पुऱ्याएका दुई महिलासहित सामाजिक विकास मन्त्रालयले पाँच जना सदस्य रहेको समति छ भने सदस्य सचिवमा शिक्षा विकास निर्देशनालयका निर्देशक रहने व्यवस्था छ ।

मुस्लिम समुदायका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितताको लागि वैकल्पिक माध्यमका रूपमा स्थापित मदरसाहरूको शिक्षामा मूल प्रवाहीकरणका लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने र मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षामा बालबालिकाको पहुँच सुनिश्चितता गरी समयानुकूलको गुणस्तरीय शिक्षा विकासमा टेवा पुर्याउने उक्त समितिको उद्देश्य रहेको छ ।

# सडक स्तरोन्नति धमाधम



गलकोट (बागलुङ) । बागलुङमा सम्झौताको १० महिनामा सडक कालोपत्र थालिएको छ । विश्व बैंकको सहयोगमा बागलुङ नगरपलिकाभित्र स्तरोन्नति भइरहेका तीन सडकमध्ये पहिलो खण्डको कालोपत्र गर्न सुरु गरिएको हो । ठेक्का सम्झौताको १० महिनामा नै सडक स्तरोन्नति सकेर कालोपत्रको काम थालिएको हो ।

नगरका तीन सडकमध्ये पहिलो सडक गणेशथान घुम्तीबाट निरयघाटसम्मको सडक कालोपत्र गर्न थालिएको छ । ठेक्का सम्झौता भएको १० महिनामा नै कालोपत्रको थालिएको इञ्जिनियर मनोज शर्माले जानकारी दिए । उनका अनुसार तीन सडकको एकमुष्ट भौतिक प्रगति १० महिनामा ७० प्रतिशत रहेको छ । तेस्रो खण्डमा दुई किमीमात्र सडक स्तरोन्नतिको काम बाँकी छ । पहिलो खण्डको सडक कालोपत्र थालिएको छ ।

विश्व बैंकको अनुदानमा उक्त सडकको दुई खण्ड धमाधम स्तरोन्नतिको काम भइरहेको छ । एउटा खण्डमा कालोपत्र सुरु भएको छ । सडक १० महिनामै कालोपत्र हुनु सुखद् रहेको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताए ।

यस्तै बागलुङ नगरपालिका-७ मुलपानीबाट तितौरेसम्मको ८.६ किलोमिटर सडक तथा वडा नं ४ ओडार चौरबाट ढोडेनीसम्म २.२ किलोमिटर सडक स्तरोन्नति अन्तिम चरणमा पुगेको छ । बागलुङ-१ रामरेखास्थित गणेशथान घुम्तीबाट नीरयघाटको १.५ किमी सडक कालोपत्र सुरु भएको हो । तीनवटै सडक कालोपत्र गरिए स्थानीयलाई आवतजावतमा सहज हुने छ । उक्त सडकको गणेशथानबाट निरयघाटसम्मको सडक फुटपाथसहित बनाइएको छ । बागलुङ नगरपालिकाको उक्त सडक हालसम्मकै नमूना हुनेगरी स्तरोन्नतिसहित कालोपत्र गर्न विश्व बैंकले बागलुङ नपासहित देशभरका १७ स्थानीय सरकारलाई अनुदान उपलब्ध गराएको थियो ।

स्तरोन्नतिसँगै कालोपत्रका लागि निर्माण व्यवसायी आशिष फेवासँग २०८१ जेठमा एक वर्षमा सम्पन्न गर्नेगरी रु ४९ करोड २२ लाखमा ठेक्का सम्झौता भएको हो । विसं २०७७ मा विश्व बैंक र बागलुङ नगरपालिकाबीच अनुदान सम्झौता भए पनि गत जेठमा मात्र ठेक्का सम्झौता भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

वन डढेलोजन्य कार्यमा सरिक हुनेका बिरुद्ध गोप्य सुराकी :-
वन डढेलोजन्य कार्य गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ । यस अपराधमा सरिक हुनेका बिरुद्ध गोप्य सुराक र अनुसन्धान प्रकृयामा सहयोग गरिदिन अनुरोध छ ।
दोषी पहिचानमा सहयोग गरौं (९८५७०६३६११, ९८५८३२१०१६)
अनुरोधक
डिभिजन वन कार्यालय अर्घाखाँची

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com